जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: १९८ पृष्ठ: ४ | २०८२ मंसिर ११ बिहीबार (Thursday 27 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# गोलबजार नगरपालिकाले ५० प्रतिशत अनुदानमा किसानलाई उन्नत जातका गहुँको बीउ दिँदै



सिरहा, १० मंसिर। सिरहाको गोलबजार नगरपालिकाले उन्नत जातको गहुँको बीउ वितरण गरेको छ। स्थानीय कृषकको उत्पादन वृद्धि गर्ने उद्देश्यसहित पालिकाले ५० प्रतिशत अनुदानमा किसानलाई बुधबारबाट गहुँको बीउ वितरण गरेको हो।

नगरपालिकाका कृषि शाखा प्रमुख बीरेन्द्रकुमार यादवले प्रतिकिलो ८२ पर्ने विभिन्न जातका गहुँको बीउ आधा मूल्यमा वितरण गरिरहेको जानकारी दिए। नगरपालिकाले विजय, एलएली–९७१ र गौतम जानका करिव ३४ टन गहुँका उन्नत बीउ वितरण सुर गरेको छ। इच्छुक किसानले नागरिकता, जग्गाधनी प्रमाणपत्र र आवेदन फारमसहित कृषि शाखामा मंसिर १६ सम्पर्क गर्न नगर कृषिशाखाले अनुरोध गरेको छ।

## बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालवालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।
- सावधानी अपनाऔं, सुरक्षित रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# धनगढीमाईमा जनप्रतिनिधीकै मिलेमत्तोमा माटो तथा ग्राभेल उत्खनन्



सिरहा, १० मंसिर। स्थानीयको दवाव पछि सिरहाको धनगढीमाई नगरपालिका ८ बाट प्रहरीले अवैध ग्राभेल उत्खनन् गरिरहेका दुई थान स्काभेटर र दुई थान टिपर नियन्त्रणमा लिएको छ। अनुमति विनै माटो तथा ग्राभेल उत्खन्नमा संलग्न नम्वर नभएको २ थान स्काभेटर तथा प्रदेश २–००३–००१ क १३१७ र ना. ५ ख ६४८३ नम्वरको टिफर प्रहरीले नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिएको चारवटै सवारी साधन आवश्यक कार्वाहीको लागि अस्थायी प्रहरी पोष्ट कसहामा राखिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

अवैध उत्खनन् भईरहेको भन्ने सूचना प्रहरी र जनप्रनिधीलाई गराउँदा समेत नरोकीएपछि स्थानीयले प्रहरीलाई दवाव दिएर उत्खनन्मा संलग्न समारी साधन नियन्त्रणमा लिन लगाएको एक स्थानीयले बताए। उनका अनुसार धनगढीमाई नगरपालिकाको ८, ९, १३ लगायतका वडाका उत्तरी क्षेत्रमा जनप्रतिनिधी र प्रहरीकै मिलेमत्तोमा माटो तथा ग्राभेल उत्खनन् हुने गरेको छ।

प्रहरीले उत्खनन्कार्यमा संलग्न सवारीसधान नियन्त्रणमा लिएको केही वेरमै मेयर शिवशंकर महतोले फोन गरेर छोड्न दवाव दिएको प्रहरी स्रोतले जनाएको छ। मेयर जस्तो गरिमामय पदमा रहेको व्यक्तिले अवैध कार्य गर्नेलाई छोड्न दवाव दिनुले पनि जनप्रतिनिधीको संलग्नता पुष्टि भएको छ। यस विषयमा प्रतिक्रियालिन मेयर शिवशंकर महतोलाई पटक पटक सम्वर्क गर्दा उनको मोवाईल अफ गरिएको थियो।

धनगढीमाई नगरपालिकामा चालु आर्थिक वर्षमा माटो तथा ग्राभेलको कुनै खानी दर्ता र स्टक प्रमानित पनि नभएको कर्मचारी स्रोतले जनाएको छ। तर, पनि धनगढीमाई नगरपालिकाको विभिन्न क्षेत्रबाट निर्वाध रुपमा ग्राभेल र माटो निकासी हुने गरेको छ।

# बेरोजगार युवालाई मासिक २ हजार भत्ता दिने मधेश सरकारको निर्णय



धनुषा, १० मंसिर। मधेश प्रदेश सरकारले स्नातक उत्तीर्ण गरेका प्रदेशका बेरोजगार युवालाई मासिक रूपमा बेरोजगार भत्ता दिने निर्णय गरेको छ। मुख्यमन्त्री सरोजकुमार यादवले पहिलो मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै प्रदेशमा स्नातक उत्तीर्ण गरेका बेरोजगार युवालाई महिनाको दुई हजार रुपैयाँका दरले बेरोजगार भत्ता दिने निर्णय गरिएको बताउनुभयो। प्रदेश सरकारले १८ वर्षदेखि ३५ वर्ष उमेरसम्मका स्नातक उत्तीर्ण गरी कुनै रोजगारमा नरहेका युवालाई जीवन निर्वाहबापत भत्ता उपलब्ध गराउने निर्णय गरेको हो। प्रदेशमा स्नातक उत्तीर्ण गरेका झन्डै एक लाख ५० हजार बेरोजगार युवा छन्।

यस्तै प्रदेश सरकारले खडेरी र डुबानबाट धानबालीमा क्षति बेहोरेका किसानलाई प्रतिकड्ठा एक हजार पाँच सय रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ। किसानलाई राहत दिँदा ३६ करोड र युवालाई बेरोजगार भत्ता दिँदा ३५ करोड रुपैयाँ खर्च हुने अनुमान गरेको मुख्यमन्त्री यादवले जानकारी दिनुभयो। यस वर्ष लामो समय खडेरीको मारमा परेका मधेश प्रदेशका किसान गएको असोजको अविरल वर्षाबाट

–**बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## दृष्टिविहीन महिला क्रिकेट टिमलाई बधाई

प्रथम दृष्टिविहीन महिला टी–२० क्रिकेट विश्वकपमा नेपाली टिम उपविजेता बनेको छ। श्रीलङ्कामा आइतवार भएको खेलमा भारतसँग पराजित भएपछि नेपाल उपविजेता बनेको हो। यसअघि भारतीय टिमलाई हराएको नेपाली टिम हार्नुमा खेलाडीको क्षमताभन्दा तयारी र लगानी निर्णायक भएको हुनुपर्छ।

नेपाली समाज अझै पनि खेलकुदप्रति खासै सकारात्मक छैन। राज्य त समाजकै प्रतिबिम्ब न हो। त्यसमाथि महिलाप्रति भेदभाव कायमै छ। झन् अपाङ्गता भएका महिलाले हासिल गरेको उपलब्धि ! समाजले मात्र होइन सञ्चार माध्यमले समेत त्यसलाई खासै महत्त्व दिएको देखिएन। यद्यपि, यो उपलब्धि राष्ट्रकै लागि गर्वको विषय हो। दृष्टिविहीन नेपाली महिला टिमले समूह चरणमै अस्ट्रेलिया, पाकिस्तान र श्रीलङ्कालाई पराजित गरिसकेको थियो। यसैगरी दुई वर्षअघि भारतलाई पनि नेपालले ४–१ ले हराइसकेको हो। सम्भवतः यसले नेपाली टिम उत्साहित पनि थियो। तर, उत्साहले मात्र खेल जितिँदैन।

यस्तै क्षमताले मात्र पनि खेल जित्न नसकिने रहेछ। भारतलाई जितेर नेपाली टिम क्षमता पनि त देखाइसकेकै हो। नेपालसँग हारेको भारतीय टिम तयारीमा लाग्यो जुन सुविधा नेपाली टिमले पाउन सकेन। अभ्यास जर्सीसमेत आफ्नै पैसाले किनेर खेलेको नेपाली टिम धन्न उपविजेता हुनसक्यो। यसैले नेपाली टिमले हासिल गरेको यो उपलब्धि चानेचुने पक्कै होइन। वास्तवमा स्रोतसाधन, संरचना र तयारीको न्यूनतम सुविधा नहुँदा पनि नेपाली खेलाडीले देखाएको प्रदर्शन देशकै लागि गर्वको विषय हो। यद्यपि, यो सफलता जति प्रेरणादायी छ उत्तिकै चिन्तालाग्दो पनि छ।

राज्यले खेल क्षेत्रको सम्भावनालाई कहिले गम्भीरतापूर्वक लिने हो भन्ने प्रश्न एकातिर उठेको छ। साथसाथै, महिला र त्यसमा पनि अपाङ्गता भएका महिला खेलाडीको क्षमता विकास कहिले सरकार र सम्बन्धित खेलकुद निकायको प्राथमिकतामा पर्ने हो भन्ने अर्को पनि विचारणीय देखिन्छ। दृष्टिविहीन नेपाली महिला क्रिकेटको राष्ट्रिय टिमका खेलाडीले अभ्यासका क्रममा लाउने जर्सीसमेत आफैँले किन्नु परेको रहेछ। यसैगरी अभ्यासकै लागि पोखरा पुग्नु परेछ। तैपनि उपविजेता भएर फर्कँदा समेत उनीहरूमा घमण्ड र ठूलो गुनासो देखिएन। यो निकै सराहनीय पक्ष हो।

दृष्टिविहीन नेपाली महिला क्रिकेट खेलाडीले राज्य तथा सम्बन्धित खेल संस्थाबाट धेरै अपेक्षा पनि राखेका रहेनछन्। उपविजेता टिमको कप्तानका अनुसार खेलको समयमा मात्र भए पनि पारिश्रमिक, अभ्यासका समयमा रङ्गशाला उपलब्ध हुनु, खेलाडीका लागि आवश्यक बल, ब्याट, जर्सी, जुत्ता जस्ता सामग्री भए उनीहरू सन्तुष्ट हुने रहेछन्। यति त निजी क्षेत्रको कुनै एउटा व्यावसायिक प्रतिष्ठान वा घरानाले समेत सजिलै प्रायोजन गरिदिन सक्थे होलान्। राज्यका निकाय वा अपेक्षाकृत धनी मानिने नेपाल क्रिकेट संघ ९क्यान०जस्ता खेल संस्थाले त यति सुविधा सजिलै उपलब्ध गराउन सक्नुपर्ने हो। तर, सबाल के हो भने – के सरकार र क्यान महिला त्यसमा पनि दृष्टिविहीन महिला खेलाडीको क्षमतालाई गम्भीरतापूर्वक लिएर सहयोग गर्न तयार छन् ?

यस प्रश्नको उत्तरले नेपाली समाज र राज्यको मात्र होइन क्यानकै समेत दृष्टिकोण कति उदार एवं प्रगतिशील रहेछ भन्ने उजागर हुन्छ। आशा गरौँ, प्रधानमन्त्री सुशीला कार्कीले दृष्टिविहीन महिला क्रिकेटरहरूप्रति देखाएको सदाशय पहिलेको जस्तै पाखण्ड सिद्ध हुनेछैन र नेपाली महिला र अपाङ्गता भएका खेलाडीले पनि खेल अभ्यास सहभागिताका लागि आवश्यक प्रशिक्षण, सुविधा र प्रोत्साहनको अभाव अनुभव गर्नुपर्नेछैन।

# आँट छ विशेष महाधिवेशन गर्ने ?

**गोविन्द अधिकारी**

लामो समयसम्म अनिर्णित रहेर पनि अन्ततः सही निर्णय गर्ने परम्परा थियो नेपाली कांग्रेसमा। अहिले ठीक उल्टो देखिन थालेको छ। सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सुम्पिँदा धेरैले त्यसको सराहना नै गरेका थिए। लाग्थ्यो, भौतिक आक्रमणसमेत सहेका देउवाले सही समयमा सही निर्णय गरे। उनको सम्मानजनक बहिर्गमन अन्तिम दृश्यमा 'खलपात्र'ले नै पनि करुणा उब्जाउने कुनै नाटकको अन्त्यजस्तो लाग्थ्यो।

परन्तु, नियतिलाई देउवाको 'सम्मानजनक बहिर्गमन' सायद मन्जुर भएन। उनले फेरि सक्रिय भूमिकामा फर्कने सङ्केत देखाए। यता केन्द्रीय समितिको बैठक महिना दिनभन्दा बढी अलअल्याएर महाधिवेशनसम्बन्धी कुनै निर्णय हुन दिइएन। 'पूर्वपदाधिकारी'हरूको सिन्डिकेट महाधिवेशन टार्न कम्मर कसेर लागेकै थियो। कार्यवाहक सभापति खड्का सायद उनीहरूकै इसारामा अलमल र आलटाल गर्दै थिए। देउवा र खड्काप्रति जनमानसमा देखिएको आदर सम्भवतः सही थिएन। देउवा फर्केपछि नेतृत्व परिवर्तनको दृश्य बदलिएजस्तो छ।

पार्टीको विधानअनुसार विशेष महाधिवेशन बोलाउन ५४ प्रतिशत सदस्यले हस्ताक्षर गरेर बुझाएका छन्। यसबीच नियमित महाधिवेशन गरेर पार्टीको नेतृत्व परिवर्तन गरी फागुन २१ को निर्वाचनमा होमिने सम्भावना थियो। सम्भवतः नेपाली कांग्रेस र प्रकारान्तरले नेपाली लोकतन्त्रकै पनि हितका लागि त्यो उत्तम उपाय हुनसक्थ्यो। यसबीच नियमित महाधिवेशनको निर्णय गरिएको भने विशेष महाधिवेशनका अभियन्ताहरूले पनि सहजै स्वीकार गर्ने देखिएको पनि थियो।

नियमित महाधिवेशन भएर नेतृत्व परिवर्तन भए कुनै पक्षले पनि हारजितको अनुभव गर्नुपर्ने थिएन। सभापति देउवाले यसै पनि विधानअनुसार नेतृत्व छाड्नै पर्छ। नियमित महाधिवेशन नियमित औपचारिकता मानिने थियो। त्यसको परिणाम पनि सामान्य नै हुन्थ्यो। तर, अब त्यो मौका गुमेजस्तो छ। यद्यपि, कांग्रेस हो अन्तिम अवस्थामा सही निर्णय लिइहाल्न पनि सक्छ।

नियमित महाधिवेशन नबोलाइए (बोलाइने सम्भावना निकै झिनो देखिएको छ ) विधानअनुसार अब विशेष महाधिवेशन तोकिएको मितिभित्र गर्नैपर्ने हुन्छ विधान मान्ने हो भने। पछिल्ला दिनमा विकसित परिस्थिति केलाउने हो भने विधानको 'अपव्याख्या' गरेर संस्थापन पक्षले विशेष महाधिवेशनलाई मान्यता नै नदिने सम्भावना नै बढी देखिन्छ। त्यस अवस्थामा अहिले हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरू केही संस्थापनतिरै फर्कन सक्छन्। पार्टी फुट्ने जोखिम कांग्रेसजनका लागि निकै कष्टकर हुने जो गरेको छ। त्यसअवस्थामा हुने विशेष महाधिवेशनको निर्णयले वैधता पाउन पनि निकै समय लाग्न सक्छ। र त्यतिन्जेलमा चुनावको मिति घर्की पनि सक्छ।

विशेष महाधिवेशन भयो भने संस्थापन पक्षमा रहेकाहरूले त्यसलाई भाँड्न हरसम्भव प्रयास पनि गर्नेछन्। तैपनि विशेष महाधिवेशन भयो र नयाँ नेतृत्व चुनियो भने त्यसलाई आधिकारिक बन्न नदिन पनि अहिलेको संस्थापन विशेषगरी 'पूर्वपदाधिकारी सिन्डिकेट' पक्कै लाग्नेछ। अर्थात्, चुनावअगाडि नेतृत्व परिवर्तन हुनुपर्ने अडान नछाड्ने हो भने नेपाली कांग्रेस फुट्नेछ। त्यस अवस्थामा नेपाली कांग्रेसको नाम र चुनाव चिह्न अहिलेकै संस्थापनसँग हुनेछ। यद्यपि, देउवाकै नेतृत्वमा चुनावमा भाग लिनुको अर्थ पार्टीको जनताबाट तिरस्कृत हुनु पनि हुनसक्छ।

चुनावभन्दा पहिले नियमित महाधिवेन हुन नदिनेहरूमध्ये धेरै जना चुनावै लड्दैनन्। देउवाले तयार गर्ने समानुपातिक सूचीमा अगाडि नाम परे तिनलाई पुग्छ। यसैले जनमानस र कार्यकर्ताहरूकै धारणासँग उनीहरूलाई केही मतलब देखिँदैन। क्षयोन्मुख नेपाली कांग्रेसको साइनबोर्ड उनीहरूको जीवनकालभर झुन्डिए पुगी त हाल्यो।

'नेपाली कांग्रेसको घोषणापत्र, सन् १९५०' को समय सापेक्ष भावना र मर्म अझै सान्दर्भिक नै छ भन्ने मान्नेहरूले अब कुनै एउटा निर्णय गर्नु बुद्धिमानी हुनेछ – भविष्य जे सुकै होस् नेपाली कांग्रेस फेरि फुट्न दिनु हुँदैन। देउवा सिन्डिकेट पार्टी फुटे फुटोस् तर आफ्नै कब्जामा रहोस् भन्ने पक्षमा देखिन्छ।

विशेष अधिवेशनसँग आफ्नो प्रतिष्ठा जोडेका युवा नेताहरू जसरी पनि विधानको प्रावधान कार्यान्वयन गराउने पक्षमा देखिएका छन्। अहिलेसम्म। महामन्त्री द्वय सकेसम्म त नियमित अधिवेशन नै होस् तर बहुमतका बलमा केन्द्रीय समितिमा पेल्न खोजिएमा परिणाम जे निस्के पनि विशेष महाधिवेशन गर्ने पक्षमा देखिएका छन्।

सम्भवतः धर्मसङ्कट परेको छ डा. शेखर कोइरालालाई। उनलाई थाहा छ विशेष महाधिवेशन भए पार्टी फुट्छ। अनि यो पनि थाहा छ अहिलेको नेतृत्व परिवर्तन नगरी चुनावमा जानुको अर्थ आत्मघात हो। त्यस अवस्थामा उनको र उनका उमेरका नेता कार्यकर्ताको राजनीति त समाप्त हुन्छ नै कांग्रेस कमजोर हुँदा त्यसको असर लोकतन्त्रमा पनि पर्छ। लोकतन्त्रकै लागि अर्को पुस्ताले पनि फेरि रगत बगाउनुपर्नेछ। पार्टीको विधान, भविष्य र देशकै लोकतन्त्र खतरामा परे पनि नेपाली कांग्रेस फुट्न नदिन देउवा सिन्डिकेट सामु आत्मसमर्पण गर्ने कि नेपाली कांग्रेसको आत्मा र लोकतन्त्रको भविष्य जोगाउन विशेष महाधिवेशनका पक्षमा उभिने ?

अहिलेको तानातानले विसं २०५१ मा गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईका बीचको मतभेदको सम्झना हुन्छ। पार्टी फुट्ने अवस्थामा पुगेको थियो। कोइराला पक्षधरले भेला नै बोलाइसकेका थिए। पार्टीको विधानदेखि झन्डासमेत तयारी अवस्थामा थियो। यद्यपि, सबै बिर्सेर एक भएको सन्देश दिँदै भट्टराईले र उनको नेतृत्व स्विकारेर कोइरालाले नेपाली कांग्रेस फुट्नबाट जोगाएका थिए। अहिले समय, सन्दर्भ र पात्र सबै बदलिएकाले 'प्रेस्क्रिप्सन' पनि फेरिन सक्छ। तर, कांग्रेस र यसको आत्मा त उही हो।

विशेष महाधिवेशन गरेर नेपाली कांग्रेसको आत्मा जोगाउने कि देउवाकै नेतृत्व सकारेर स्पन्दनविहीन आवरणमा ओत लाग्ने? रोजाइ अब शेखर, गगन, विश्व र प्रदीपहरूको हो। गुरु, मधुहरू त होमिइसकेकै छन्। यत्ति भनौ – बीपी वा गिरिजाबाबुले रोज्नुपरेको भए सम्भवतः आवरण होइन आत्मा नै बचाउँथे होला।

# प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा सेना 'पहिलो र अन्तिम भरोसा'

**सङ्गीता राई**

सुनसरी, १० मंसिर। कोशीटप्पु वन्यजन्तु आरक्षमा वन्यजन्तु तथा जैविक विविधता संरक्षण र विपद् व्यवस्थापनमा नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। आरक्ष र वरपरका क्षेत्रमा अप्ठ्यारो अवस्थामा सेना 'सबैभन्दा पहिले र अन्तिम भरोसा'का रुपमा खटिइरहेको छ, जसले स्थानीय समुदाय, पर्यटक र वन्यजन्तुका लागि सुरक्षित वातावरण सुनिश्चित गरिरहेको छ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले प्रकृति संरक्षण र जैविक विविधता कामय गर्ने सन्दर्भमा सेना अहोरात्र खटिइए महत्वपूर्ण योगदान गरिरहेको बताउनुभयो। "कोशी टप्पुमा सेनाको मुख्य जिम्मेवारी वन्यजन्तु संरक्षण गर्नु र अवैध चोरी, सिकारी नियन्त्रण गर्नु हो", उहाँले भन्नुभयो, "यसका लागि आरक्षभित्र नियमित गस्ती, चोरी सिकारी गर्नेविरुद्ध कारबाही र संरक्षणसम्बन्धी कार्यक्रममा स्थानीय समुदायसँग सहकार्य गरिरहेको छ।"

सहायक रथी बस्नेतले संरक्षित क्षेत्रभित्र हुने चोरी शिकारी, अवैध घुसपैठ र अन्य गैरकानुनी गतिविधि रोक्न निरन्तर निगरानी भइरहेको बताउनभुयो। यसबाट दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका र स्थानीय समुदाय तथा पर्यटकका लागि विश्वासिलो वातावरण निर्माण भएको उहाँको भनाइ छ। सेनाले वन्यजन्तु संरक्षण, अवैध चोरी सिकारी नियन्त्रण, प्राकृतिक स्रोतको संरक्षण र विपद्मा उद्धार गर्दै स्थानीय समुदायका लागि भरपर्दो र विश्वासिलो साझेदारी गर्दै आएको छ। नियमित गस्ती, निगरानी र अपरेशनल गतिविधिका कारण आरक्षभित्रका दुर्लभ जङ्गली जनावर र चराचुरुङ्गी सुरक्षित रहँदै आएका छन्।

विसं १८६९ मा सुरेन्द्रवीर विक्रम शाहको शासनकालबाट नेपालमा प्रकृति संरक्षणको थालनी भएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको शिलालेखमा भेटिन्छ। नेपालको संरक्षण प्रयास विश्वकै सबैभन्दा प्राचीन मानिन्छ। कूल सैनिक सङ्ख्याको झण्डै १० प्रतिशत जनशक्ति प्रकृति संरक्षणमा परिचालित छन्। यो विश्वकै लागि उदाहरण हो।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको थियो। २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्ग किलोमिटर कायम भएको छ। सुनसरी–सप्तरी जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित यो आरक्ष जङ्गली भैंसी (अर्ना) का कारण चर्चित छ। कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्र हो।


आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौँ र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अतिदुर्लभ खरमयुरका वासस्थान छन्। सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ। जलचर प्रजाति घडियाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि यहाँ पाइन्छ। कोशीटप्पुलाई 'चराहरूको राजधानी' समेत भनिन्छ। पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको सो आरक्षलाई पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा लिइन्छ। चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यलयले जनाएको छ।

हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पक्षी र विविध वन पैदावारका कारण

–बाँकी तीन पेजमा

# दुई सय १३ किलोग्राम गाँजा बरामद

वीरगञ्ज, १० मंसिरः विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बलको टोलीले विन्दवासिनी गाउँपालिका–६ बटसौरामा कुन्युभित्र लुकाइराखेको दुई सय १३ किलो गाँजा बरामद गरेको छ। गस्तीमा रहेको टोलीले मङ्गलबार उक्त परिमाणको गाँजा बरामद गरेको प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले राससलाई बताउनुभयो। सशस्त्र प्रहरी बलले सीमावर्ती



क्षेत्रमा चोरीतस्करी तथा लागुऔषध ओसारपसार हुन नदिन 'इन्टेलिजेन्स लिड अपरेसन' सञ्चालन गरेको छ।

## *प्रकृति संरक्षण र...*

नेपाल प्रकृति प्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको छ। यस्ता प्राकृतिक स्रोत र जैविक विविधतालाई दीर्घकालसम्म संरक्षण गर्नु चुनौतीपूर्ण भए पनि सेनाले पाँच दशकदेखि अनवरतरुपमा सुरक्षाका लागि पहरा दिँदै आइरहेको प्रवक्ता बस्नेतले बताउनुभयो। सेनाले ३३ जिल्लामा अवस्थित १४ राष्ट्रिय निकुञ्जसहित आरक्ष र संरक्षण क्षेत्र सुरक्षा गर्दै आइरहेको छ।

सेनाले वन्यजन्तु संरक्षण, अवैध गतिविधि नियन्त्रण, स्थानीय समुदायसँग सहकार्य, जैविक विविधता संरक्षणबारे जनचेतना विस्तार र पर्यावरणीय स्रोतको दीर्घकालीन उपयोग सुनिश्चित गर्दै आएको छ। विपद्को समयमा सेनाले उद्धार, राहत वितरण र पुनःस्थापनामा स्थानीय समुदायको भरोसा जितेको छ। कोशीटप्पु क्षेत्र सुरक्षार्थ खटिइएको श्री भीमकाली गुल्मले दैनिक गस्ती, चेकपोइन्ट, 'स्वीप अपरेसन', 'एम्बुस' तथा अन्य निगरानी गर्दै आएको छ। जङ्गली जनावरबाट हुने जोखिम, संरक्षणका उपाय तथा जैविक विविधताको महत्वबारे स्थानीय वासिन्दालाई सचेत पार्ने कार्य पनि नियमित रूपमा भइरहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

स्थानीय समुदायसँगको सहकार्यमा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जङ्गली जनावरलाई 'कोर इलाका'तर्फ फर्काउने, घाइते जनावरको प्राथमिक उपचार र स्वास्थ्यचौकीसम्म पुऱ्याउने तथा क्षतिपूर्ति दिलाउने काममा सेना सक्रिय छ। स्थानीय समुदायलाई संरक्षणसम्बन्धी तालिम, जनचेतना कार्यक्रम, जङ्गली जनावरसँग कसरी व्यवहार गर्ने, जोखिम हुँदा कसरी बच्ने भन्ने प्रशिक्षणसमेत सञ्चालन हुँदै आएका छन्। यस्ता कार्यक्रमले समुदाय–संरक्षित क्षेत्र सहकार्यलाई अझ मजबुद बनाएको सेनाको भनाइ छ ।

आरक्ष क्षेत्र खुला र मानव वस्ती नजिक हुँदा चोरी निकासी बढ्न सक्ने सम्भावनाप्रति सचेत रहँदै सेनाले सो गतिविधि रोक्न असरदार कारबाही गर्दै आएको छ। त्यसका लागि सेनाले घरेलु प्रविधिसमेत विकास गरेको छ। यसमा स्मार्ट पट्रोल, ट्याकिङ डिभाइज, ड्रोन, सिसिटिभी, भ्वाइस रेकर्ड जस्ता आधुनिक निगरानी उपकरण, डेटा व्यवस्थापन प्रणाली र अन्य प्रविधि समावेश छन् ।

संरक्षित क्षेत्रको सुरक्षा मात्र नभई सेना विपद् व्यवस्थापनमा समेत सक्रिय छ। बाढी, पहिरो, डुबान र अन्य प्राकृतिक विपद्मा समयमै उद्धार, राहत र पुनःस्थापनामा सेनाले खेलेको भूमिका स्थानीयबीचमा अविस्मरणीय छ। विसं २०३८ देखि कोशीटप्पुको संरक्षणमा सेना खटिइएको हो। सेना उपस्थितिपछि आरक्षभित्र पाइने दुर्लभ अर्नाको सङ्ख्या वृद्धि भएको आरक्ष कार्यालयले जनाएको छ ।

सन् १९७६ को गणनाअनुसार कोशीटप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा चार सय ९८ वटा अर्ना रहेका छन्। आरक्ष प्रमुख भूपेन्द्रप्रसाद यादवका अनुसार, कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन्। विसं २०८० को गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणनाअनुसार डल्फिन १९ वटा रहेको प्रमुख यादवले जानकारी दिनुभयो।

कोशीटप्पुमा धेरै जसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, धेरैजसो चराहरु जाडो छल्न आउने गरेको यादवले बताउनुभयो। जङ्गली हात्ती, एकसिङ्गे गैँडा, ढाड नहुने प्राणी ५७ प्रजाति, जडिबुटी १८ प्रजाति, डाले घाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भुँडिफोर, सेतो भुँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन्। रात्री गस्ती, आकस्मिक तैनाथी, सूचना सङ्लन र विश्लेषणका कारण चोरी, विकारी तथा पैठारीका गतिविधिमा विगतका वर्षको तुलनामा उल्लेख्य कमी आएको सेनाले जनाएको छ।

नेपाली सेना र कोशीटप्पु वन्यजन्तु आरक्षको संयुक्त टोलीले आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मको अवधि विभिन्न अवैध क्रियाकलापमा संलग्न व्यक्तिबाट अवैध वन्यजन्तु तथा सामग्री बरामद गरेको छ। मध्यवर्ती क्षेत्र भनेको आरक्ष तथा निकुञ्जभित्रको महत्वपूर्ण संरचना भएकाले यसको संरक्षण हाम्रो पहिलो जिम्मेवारी हो, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खड्काले भन्नुभयो, स्थानीय समुदायका समस्या बुझ्ने, उनीहरूलाई सहयोग गर्ने र ती समस्यालाई सरकारले सुन्नेगरी सम्बोधनका लागि पुऱ्याउने काम हाम्रो प्रमुख दायित्व हो।

उहाँका अनुसार मानव–वन्यजन्तु द्वन्द्वका घटनामा स्थानीय बासिन्दाले भोग्ने पीडा र क्षति निकै चुनौतीपूर्ण हुने भएकाले यसको व्यवस्थापनमा समुदाय, नेपाली सेना र निकुञ्ज कार्यालयबीच सहकार्य गर्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो,हात्ती वा अन्य वन्यजन्तुबाट बाली नोक्सान, घर भत्किने, ज्यान–धनको क्षति हुने जस्ता घटनामा राहत उपलब्ध भइरहे पनि धेरैजसो समयमा त्यो सहयोग ढिलो पुग्ने गरेको छ। राहत तथा क्षतिपूर्तिको प्रक्रिया सरल, छिटो र सहज हुने नीतिगत सुधार भए जनताले अझ प्रभावकारी सहयोग पाउने अध्यक्ष खड्काले बताउनुभयो।

अध्यक्ष खड्काले द्वन्द्व न्यूनीकरणका लागि क्षति बढी हुने क्षेत्रपहिचान गरी अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ। उहाँले भन्नुभयो, "पहिले क्षतिको प्रकृति बुझेर तत्काल राहत व्यवस्थापन गर्नुपर्छ। संरक्षणमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण छ, किनकी जनावर पनि बाँच्न पाउनुपर्छ भन्ने बुझाइ समुदायमा छ। हामी त्यही समझदारी र राज्यबीच पुलको भूमिकामा काम गरिरहेका छौँ।"

सेनाको नियमित गस्ती, तस्करी नियन्त्रण, साना ठूला अवैध गतिविधिमा निगरानी, सूचना आदान–प्रदान, संयुक्त अपरेसन, जोखिमयुक्त क्षेत्र पहिचान र अस्थायी चेकपोइन्ट स्थापनाले सुरक्षामा उल्लेखनीय सुधार ल्याएको आरक्ष प्रमुख यादवको भनाइ छ। "सेनाको उपस्थितिबाट आरक्षको वन्यजन्तु गणना, जैविक पर्यटन, पर्यटक सुरक्षा र संरक्षण गतिविधि व्यवस्थित र प्रभावकारी भएको छ", उहाँले भन्नुभयो, "आरक्ष कार्यालयले सेना, स्थानीय सरकार र समुदायसँग मासिक बैठक गरी उच्च जोखिम क्षेत्र पहिचान गरी आवश्यक अपरेसन गर्दै आएको छ ।

## *बेरोजगार...*

पुनः डुबान पीडित भएका थिए। मनसुन अवधिमा लामो समय खडेरी परेपछि प्रदेश सरकारले मधेशका जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

# मधेश केन्द्रित दल चुनावी गठबन्धनको तयारीमा

**जसपा नेपालका प्रवक्ता मनिष सुमनले पनि चुनावलाई एकमात्र विकल्प मानेर आफूहरू देशव्यापी रूपमा निर्वाचन केन्द्रित तयारीमा जुटिसकेको बताए । तर, मोर्चामा आवद्ध दलहरूबीच पार्टी एकीकरणको सम्भावनालाई भने उनले अस्वीकार गरे ।**

काठमाडौं, १० मंसिर। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको रक्षा र सुदृढीकरणका लागि भन्दै 'संघीय लोकतान्त्रिक मोर्चा' घोषणा गरेका दलहरू आशन्न निर्वाचनमा तालमेल गरेर जाने मनस्थितिमा देखिएका छन्। अन्तरिम सरकारले २१ फागुनका लागि तय गरेको प्रतिनिधिसभा निर्वाचनका लागि दलीय रूपमा एक्ला–एक्लै आन्तरिक तयारीमा जुटेका मोर्चाआवद्ध दलका नेताहरूले चुनावी तालमेलको सम्भावना रहेको बताएका छन्।

मोर्चाको घटक लोसपाका नेता सर्वेन्द्रनाथ शुक्लले पार्टीले चुनावी गठबन्धन र एकताको प्रक्रिया सुरु गरिसकेको जानकारी दिए। प्रारम्भमा 'संघीय लोकतान्त्रिक मोर्चा' भित्र सिट समायोजनमा ध्यान केन्द्रित गरिने उनको भनाइ छ ।

'चुनावी गठबन्धन गरेर या विचार मिल्ने पार्टीहरूसँग एकता नै गर्ने भन्नेबारे छलफल चलिरहेको छ। हाम्रो गठबन्धन एकता अथवा सिट एडजस्टमेन्ट मोर्चाभित्र हुन्छ,' उनले भने, 'हामी एउटा बलियो गठबन्धन होस्, बलियो समझदारी होस् भन्ने पक्षमा छौँ। त्यसैअनुसार हामी अगाडि बढ्छौं ।'

यद्यपि, नेता शुक्लले गठबन्धनको अन्तिम स्वरूपबारे निर्णय हुन बाँकी रहेको र चुनावको निश्चित मिति तय नभएसम्म अन्य विचार मिल्ने दलहरू सँगको तालमेल पनि अनिश्चित रहने प्रतिक्रिया दिए।

'पहिलो तालमेल–एकता मोर्चाभित्रै हुन्छ। त्यसपछि विचार मिल्ने अन्य दलहरूसँग हुन्छ,' उनले भने, 'कोसँग हुन्छ भन्ने कुरा अहिलेसम्म निश्चित भइसकेको छैन। किनभने २१ फागुनमा चुनाव हुन्छ भन्ने कुरा ठोकुवा गर्ने स्थिति चाहिँ छैन ।'

नेता शुक्लले लोसपा चुनावमा भाग लिन तयार रहे पनि हाल ग्रामिण क्षेत्रमा राजनीतिक सभा र सम्मेलनहरू आयोजना गर्ने त्रासमुक्त वातावरण अझै बन्न नसकेको गुनासो गरे।

सरकारले जतिसक्दो चाँडो पछिल्लो परिस्थिति सामान्यीकरण गरेपछि चुनावी तयारीलाई पूर्ण गतिमा बढाइने पनि शुक्लले बताए। उनले उम्मेदवारहरूको लागि लोसपाले 'सर्भे' को काम जारी राखेको जानकारी दिए।

'हामीले चुनावमा भाग लिन्छौं भन्ने निर्णय गरेका छौं। हामी आफ्नो तयारीमा छौं क्यान्डिडेटहरूको बारेमा सर्भे गरिरहेका छौं,' नेता शुक्लले भने, 'तर जनता र राजनीतिक व्यक्तिको सम्पर्क, सम्पर्कको तरिका जुन हुन्छ, त्यो स्थिति अझै बनिसकेको छैन। हामी त्यसैको प्रतिक्षामा छौं ।'

जसपा नेपालका प्रवक्ता मनिष सुमनले पनि चुनावलाई एकमात्र विकल्प मानेर आफूहरू देशव्यापी रूपमा निर्वाचन केन्द्रित तयारीमा जुटिसकेको बताए। यद्यपि, उनले निर्वाचनका लागि सरकारले सहज राजनीतिक वातावरण तयार गर्नुपर्ने र जेलबाट फरार कैदीबन्दी र सुरक्षाकर्मीबाट खोसिएका हतियार फिर्ता ल्याउनुपर्नेमा जोड दिए।

'हामी निर्वाचन होस् भन्ने चाहन्छौं, जसपा नेपाल निर्वाचन नै एउटा विकल्प हो भन्ने मान्यता भएको पार्टी हो। पार्टीले चुनावलाई केन्द्रित प्रत्येक निर्वाचन क्षेत्रमा नेताहरू खटाई सकेको छ,' प्रवक्ता सुमनले भने, 'सरकारले चुनावको वातावरण बनाउनु पऱ्यो। जेनजी आन्दोलनमा भागेका कैदी अझै पनि बाहिर छन्। सुरक्षाकर्मीका लुटिएका हतियार बाहिरै छन्। सबै फिर्ता ल्याउने जिम्मा सरकारको हो।'

जसपा नेपालका प्रवक्ता सुमनले 'संघीय लोकतान्त्रिक मोर्चा' का सदस्य दलहरूसँग चुनावी तालमेलका लागि सहकार्य गर्न खुला रहेको पनि बताए। आवश्यकताअनुसार पार्टीले एक्लै वा गठबन्धनमा चुनाव लड्ने रणनीति अपनाउने उनको भनाइ छ।

# करेन्ट लागेर एकको मृत्यु

**प्रवीण कुमार शर्मा**

रौतहट, १० मंसिर। रौतहटमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। फतुवा विजयपुर नगरपालिका–६, रामदासी टोल बस्ने रामबहादुर महतोको २२ वर्षीया छोरा गणेश महतोको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। मंगलबार राति पौने दस बजेको समयमा आफ्नै घरमा माइकको तार जोड्ने क्रममा महतोलाई करेन्ट लागेको थियो। करेन्ट लागेर गम्भीर घाइते महतोलाई स्थानीय नेसनल हस्पिटल प्रा.लि. विजयपुरमा प्राथमिक उपचार पश्चात थप उपचारका लागि बारा जिल्लाको कोल्वी लैजाने क्रममा बाटोमा नै मृत्यू भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो। शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया, बारामा राखिएको र घटना सम्बन्धमा अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# झुण्डिएको अवस्थामा महिला मृत फेला

**प्रवीण कुमार शर्मा**

रौतहट, १० मंसिर। रौतहटको माधवनारायण नगरपालिका–४, बिशुनपुर्वा टोलका रुबिना यादव झुण्डिएको अवस्थामा मृत फेला पर्नुभएको छ। रुपेश राय यादवको २० वर्षीय श्रीमती यादव घरका सदस्यहरू खेतमा काम गर्न गएको अवस्थामा मङ्गलबार साँझ ५:३० बजे सलको पासो लगाई झुण्डिएको अवस्थामा फेला पर्नुभएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो। झुण्डिएको अवस्थामा यादवको श्रीमानले देखेपछि स्थानीयको सहयोगमा पासो खोली हेर्दा मृत्यु भइसकेको उहाँले बताउनुभयो। प्रहरी घटनास्थलमा पुग्नु अगावै स्थानीय

–बाँकी अन्तिम पेजमा

# सेजको भाडादर घट्दा उद्योगी उत्साहित

**राधेश्याम विश्वकर्मा**

रुपन्देही, १० मंसिरः भैरहवामा सञ्चालनमा रहेको विशेष आर्थिक क्षेत्र (सेज) मा सरकारले भाडादर घटाएपछि यहाँका उद्योगी उत्साहित भएका छन्। पछिल्लो विविध समस्याका बाबजुद उद्योगीहरु सेजप्रति आकर्षित भएका छन्। विशेष आर्थिक क्षेत्र प्राधिकरणले सेजमा देखिएका समस्या समाधान गर्दै लैजाने र कानुनमा भएका केही संशोधनका कारण सेजमा उद्योगीहरु आकर्षित भएका हुन्।

भैरहवाको विशेष आर्थिक क्षेत्रमा अहिले एउटा पनि प्लट खाली छैनन्। ५२ बिघामा रहेका सम्पूर्ण ६८ प्लटहरु भाडामा गइसकेको भैरहवा विशेष आर्थिक क्षेत्रका कार्यालय प्रमुख इन्जिनियर सबुत डुम्रेले बताउनुभयो। ६८ वटा प्लट मध्ये ५२ वटामा उद्योग खोलिएका छन् भने १६ वटा प्लट पनि भाडामा गईसकेको र उद्योगहरु निर्माणाधीन अवस्थामा रहेको डुम्रेले जानकारी दिनुभयो।

अहिले सेजमा शक्ति मिनरल्स प्रालि, विस्तार ग्लोबल प्रालि, तिरुपति मेटल प्रालि, ब्रिलियन्ट लाइटिङ इण्डष्ट्री, हिमालय ग्रनाइट प्रालि, इको नेपाल ईनर्जी प्रालि, आर्शी इण्डष्ट्रिज, एस पोलिमर्स, हिमालय इको इण्डष्ट्रिज प्रालि, सिपी मेटल प्रालि र स्वस्तिक उद्योग प्रालि सञ्चालनमा रहेका छन्।

यस्तै सुपर इलेक्ट्रिक प्रालि, इमितेशन मेटल प्रालि, डाया वर्ल्ड प्रालि, डिआईएल ग्लोबल प्रालि, अलमाईटी ओभरसिज प्रालि, ओबिटी नेपाल प्रालि र गार्मेन्ट गियर प्रालि निर्माणाधीन अवस्थामा रहेका छन्। सेजमा रहेको पञ्चकन्या समूहको पञ्चकन्या एसएस एक्सपोर्ट प्रालि र जय बुद्ध मेटल क्राफ्ट प्रालि भने बन्द भएका छन्।

महँगो भाडा, निर्यात सीमामा देखिएको कठिनाइ, उद्योगलाई कर्जालगायतको समस्या सेजमा रहेका उद्योगीहरुको गुनासो भएकोमा सरकारले यी विषयहरुलाई सम्बोधन गर्दै लगेको छ। विशेष आर्थिक क्षेत्र भैरहवामा सुरुमा प्रतिवर्गमिटर रु१५० भाडादर तोकिएको थियो। भाडादर अत्याधिक रहेको भन्दै सेजमा उद्योगहरु आउन नमानेपछि त्यसलाई संशोधन गरेर प्रतिवर्गमिटर रु २० मा ल्याइएको थियो। रु २० मा पनि उद्योगीहरुको चित्त बुझिरहेको थिएन। उनीहरुले अझै भाडा घटाउनुपर्ने माग राख्दै आएका थिए। मङ्सिर ८ गते बसेको मन्त्रिपरिषद्को बैठकले भैरहवा सेजमा भाडा रु २० बाट घटाएर अहिले रु पाँच प्रतिवर्गमिटर लिने निर्णय गरेको छ।

–बाँकी अन्तिम पेजमा

## झुण्डिएको...

मानिसहरूको सहयोगमा सलको पासोबाट खोली लास घरको प्यासेजमा राखिएको प्रवक्ता बस्यालले जानकारी दिनुभयो। घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय गरुडाले अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो।

## सेजको भाडादर...

यस्तै विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा ६० प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्ने व्यवस्था गरेको थियो। यसलाई मिति २०८१/१/१६ मा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम सो प्रावधानलाई संशोधन गरी उत्पादन सुरू गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु तथा सेवा निर्यात गर्नुपर्ने व्यवस्था बनाइएको छ।

यस्तै उपदफा (२) मा रहेको अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्नसक्ने प्रावधानलाई तीन वर्ष बनाइएको छ। सुरुमा अनुमतिपत्र लिई वा दर्ता भई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न नसक्ने छैन र प्रयोगमा ल्याइसकेका मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने व्यवस्था गरेको थियो। हाल सोलाई संशोधन गरी विशेष अर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी संचलान गर्न सक्ने व्यवस्था गरिएको छ।

सेज नाफा कमाउन नभई नेपालमा रहेका उद्योगीलाई अधिकतम अवसरहरु प्रदान गर्ने उद्देश्यले खोलिएकोले यसका लागि उद्योगीहरुलाई आवश्यक वातावरण मिलाउन प्राधिकरणले अधिकतम लचकता अपनाउने डुम्रेको जिकिर छ।

मन्त्रिपरिषद्को बैठकले सेजको भाडा घटाएपछि यहाँका उद्योगीहरुले खुसी व्यक्त गरेका छन्। उद्योगी व्यवसायीको छाता सङ्गठन सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले उद्योगीहरुको माग सम्बोधन भएको बताउनुभयो। उहाँले पहिलेदेखि नै सेजको भाडा रु पाँचभन्दा बढी नराख्न आग्रह गरिँदै आएकोमा बल्ल आएर त्यो सम्बोधन भएको जनाउनुभयो। "यो विषयमा बजेट भाषणकै क्रममा नीतिगत व्यवस्था गरिएको थिया, तर त्यसमा पनि तीन महिनापछि लागू गर्ने नियम राखिएको थियो", आचार्यले भन्नुभयो, "हामीले हालको मन्त्रिपरिषद्मा पनि यो कुरा राख्दै आएका थियौँ, अहिले आएर सम्बोधन भएछ। अब सेजमा उद्योग स्थापना र सञ्चालनको सहज वातावरण बन्दै जानेमा आशावादी छौँ।"

आचार्यले सरकारले अझै गर्नुपर्ने धेरै काम गर्न बाँकी रहेको जनाउनुभयो। विशेषतः सेजको मूल मर्म एकद्वार प्रणाली अहिलेसम्म पनि लागू गर्न नसकेको बताउँदै उहाँले यसको सहजीकरण गर्न आग्रह गर्नुभयो। यससँगै सेजमा आवश्यक आधारभूत कुराहरु खानेपानी, विद्युत्, सरसफाइ लगायतको समस्याहरु पनि रहेको उहाँको गुनासो छ।

आर्थिक वर्ष २०७६/०७७ मा सेजबाट रु १४ करोड ८० लाखका निर्यात बिक्री, रु पाँच करोड ६४ लाखको आन्तरिक बिक्री गरी २० करोड ४४ लाखको बिक्री गरेको थियो। यसैगरी आव ०७७/०७८ मा रु ८५ करोड ४७ लाखको निर्यात तथा रु १८ करोड तीन लाखको आन्तरिक गरी रु एक अर्ब तीन करोड ५० लाख, आर्थिक वर्ष ०७८/०७९ मा रु ४२ करोड २४ लाख निर्यात ३० करोड ६६ लाखको आन्तरिक गरी ७२ करोड ९० लाखको बिक्री गरेको थियो।

आर्थिक वर्ष ०७९/०८० मा रु ४५ करोड ४१ लाखको निर्यात रु ३८ करोड ७९ लाखको आन्तरिक गरी ८४ करोड ५९ लाखको बिक्री गरेको सेजले आव ०८०/०८१ मा रु ६० करोड ३६ लाखको निर्यात तथा रु ३१ करोड २४ लाख आन्तरिक गरी रु ९१ करोड ६० लाखको बिक्री गरेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ।

आव ०८१/०८२ मा रु ९८ करोड ९६ लाखको निर्यात बिक्री र रु ८९ करोड ७० लाखको आन्तरिक बिक्री गरी जम्मा रु एक अर्ब ८८ करोड ६६ लाखको बिक्री गरेको थियो। चालु आवको असोज मसान्तसम्ममा १७ करोड ५३ लाख निर्यात बिक्री र रु २८ करोड ४७ लाखको आन्तरिक बिक्री गरी रु ४६ करोडको बिक्री सेजबाट भएको छ।

सरकारले २०६० साल माघ १५ गते विशेष आर्थिक क्षेत्र आयोजना स्थापना गर्ने निर्णय गरेको थियोर। विशेष आर्थिक क्षेत्र ऐन २०७३ अनुसार २०७३ असोज १८ गते प्राधिकरण स्थापना भएको होर। निर्यात प्रवर्द्धन, व्यापार घाटा घटाउने, रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, विदेशी लगानी र प्रविधि भित्र्याउनेजस्ता उद्देश्य राखेर विशेष आर्थिक क्षेत्रको अवधारणा ल्याएर पाइलट परियोजनाको रुपमा भैरहवा सेज सञ्चालनमा रहेको छ।

# त्रिविको सह–परीक्षा नियन्त्रक बन्न नक्कली पीएचडीको विवरण पेश,

काठमाडौं, १० मंसिर। त्रिभुवन विश्वविद्यालयको सह–परीक्षा नियन्त्रक छनोट समितिकी संयोजक प्रा. डा. जया लक्ष्मी प्रधान, सदस्यहरू प्रा. डा. मोतिलाल शर्मा, प्रा. डा. मेघराज पोखेल र तत्कालीन सह–परीक्षा नियन्त्रक डिल्लीराम प्रसाईंविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

विद्यावारिधि (पीएचडी) नै नगरी झुटो विवरण पेश गरी लाभ लिएको आरोपमा अख्तियारले चार जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। सह–परीक्षा नियन्त्रक बन्न प्रसाईंले झुटो विवरण पेश गरेकोमा छनोट समितिका प्रधान, शर्मा र पोखरेलले झुटो विवरण स्वीकार गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्रिभुवन विश्वविद्यालयको रजिस्ट्रारको कार्यालयले एक वर्षअघि परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चल, विराटनगरका लागि सह–परीक्षा नियन्त्रक पदको विज्ञापन निकालेको थियो। त्यसमा ६ जनाको आवेदन परेकोमा एक जना छनोट गर्न तीन सदस्यीय समिति गठन भएको थियो।

# विगतको ९ बुँदे सहमति कार्यान्वयन गर्न शिक्षक महासंघको माग

काठमाडौं, १० मंसिर। नेपाल शिक्षक महासंघले अघिल्लो सरकारसँग भएको ९ बुँदे सहमति कार्यान्वयन गर्न माग गरेको छ। शिक्षामन्त्री महावीर पुनलाई भेटेर महासंघको टोलीले विगतको सहमति कार्यान्वयन गर्न तथा सरुवा निर्देशिकालाई खारेज गर्न माग गरेको हो। नेपाल शिक्षक महासंघले केपी ओली नेतृत्वको सरकारसँग भएको ९ बुँदे सहमतिलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ।

गएको चैत–वैशाखमा देशभरका शिक्षकले काठमाण्डौ केन्द्रित लामो आन्दोलन गरेपछि तत्कालीन शिक्षामन्त्री रघुजी पन्तसँग ९ बुँदे सहमति भएको थियो। तर ती सहमति अहिलेसम्म कार्यान्वयन नभएको शिक्षक महासंघको गुनासो छ।

भेटपछि महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सरुवा निर्देशिका व्यवहारिक नभएको हुँदा मन्त्री पुनसँग खारेजीका लागि आग्रह गरेको बताउनुभयो।

# जानकी मन्दिरले गर्‍यो २१ सरसफाइकर्मीलाई सम्मान

जनकपुरधाम, १० मंसिर। विवाहपञ्चमी महोत्सवको अन्तिम दिन जनकपुरधामस्थित जानकी मन्दिरले पहिलो पटक २१ जना सरसफाइकर्मीलाई विशेष सम्मान गरेको छ। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले बुधबार मन्दिर प्रांगणमै निर्माण गरिएको विवाहमञ्चमा जनकपुरधामको सरसफाइमा अहोरात्र खटिने सरसफाइकर्मीहरूलाई प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरेका हुन्।



जानकी मन्दिरका उत्तराधिकारी महन्थ राम रोशन दास वैष्णवले यस किसिमको सम्मान कार्यक्रम हरेक वर्ष सञ्चालन गरिने बताए। सम्मानित सरसफाइकर्मीहरूले जीवनमै पहिलो पटक सार्वजनिक रूपमा सम्मानित हुँदा खुसी व्यक्त गरे।


**स्क्रब टाइफस (Scrub Typhus)**

स्कब टाइफस एक किसिमको सरुवा रोग हो। यो रोग लाग्ने किर्ना जस्तो देखिने किरा (माइट) को टोकाइबाट मानिसमा सर्दछ। यो रोग माइटमा पाइने ओरेन्सिया सुसुगामुसी (Orentia Tutsugamushi) भन्ने जिवाणुबाट लाग्दछ। माइट प्राय : जसो झाडी, खेतवारी, वनजंगल, घर वरिपरिको झाडी वा घुरान हुने ठाँउमा देखिने गर्दछ।



**स्कब टाइफस कसरी सर्छ ?**

मुसामा लाग्ने किर्ना जस्तो देखिने किरा (माइट)को टोकाइबाट मानिसमा सर्दछ। यो रोग मानिसबाट मानिसमा सर्दैन।

**स्कब टाइफसका लक्षणहरु**

- धेरै जवरो आउनु (काम ज्वरो समेत आउन सक्छ)
- धेरै टाउको दुख्नु
- पसिना धेरै आउनु
- आँखा रातो हुनु
- झाडापखाला लाग्नु
- किराले (माईट) टोकेको ठाउँमा रातो डाबर जस्तो दाग देखिनु र पछि गएर कालो दाग बस्नु



**स्कब टाइफसबाट बच्ने उपायहरु के-के हुन् ?**

- खेतवारीमा काम गर्दा वनजंगल /झाडीमा जाँदा वा घाँस काट्न जाँदा पुरा शरीर ढाकिने कपडा लगाउने साथै सम्भव भुइं सम्म बुट लगाउने
- घाँसवारी वा चउरमा बस्दा गुन्द्री वा दरी ओछ्याएर बस्ने
- सम्भव भएसम्म भुईंमा नबस्ने। खाटमा वा अग्लो स्थानमा सुत्ने/बस्ने
- सकेसम्म घाँसवारी र चउरमा नबस्ने
- चउरमा,वारी ,झाडी,घाँस तथा धुरान बढ्न नदिने
- मुसा नियन्त्रणको लागि उपयुक्त किसिमले अन्न भण्डार गर्ने तथा मुसाको बृद्धि विकास नहुने वातावरणको सृजना गर्ने।

**स्क्रब टाइफस लागेको शंका लागेमा उपचारको लागि तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानु पर्छ। औषधी सेवनपछि यो रोग निको हुन्छ।**

**बरियारपट्टी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल




**विष्णुपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल




**नरहा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)